# २०८१ माघ  १ गते देखि २०८१ चैत्र  मसान्त सम्म
# सम्पादित  प्रमुख क्रियाकलापहरु
# (स्वत:प्रकाशन)

(सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) बमोजिम सार्वजनिक गरिएको)

**प्रकाशकः**

## प्रदेश जनस्वास्थ्य कार्यालय

मध्यविन्दु नगरपालीका –०२, गण्डकी प्रदेश, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

फोन नं. ०७८-४०१०८३, ९७६६६२४१०५

वेवसाईट: www.honawalpur.gandaki.gov.np

ईमेल: honawalpur@gmail.com

२०८२ बैशाख  १०  गते

## स्वत प्रकाशन परिचय:

नेपालको सविधान २०७२ को धारा २७ मा रहेको नागरिकको सुचनाको हक बमोजिम सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली २०६५ अनुसार सार्बजनिक निकायहरुले सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण ३/३ महिनामा सार्वजनिक गर्नुपर्ने कानुनी प्रावधान रहेको छ, सोहि अनुसार यस प्रदेश जनस्वास्थ्य कार्यालय-नवलपरासी (ब. सु. पू.) ले आ. व. २०८१/८२ को तेस्रो त्रैमासिक (माघ १ देखि चैत्र मसान्तसम्म) मा सम्पादन गरेका प्रमुख क्रियाकलापहरु सबैको जानकारीको लागि प्रकाशन गरिएको छ।

प्रदेश जनस्वास्थ्य कार्यालय- नवलपरासी (ब. सु. पू.)

२०८२ बैशाख १० गते, बुधवार

## जिल्लाको परिचय :

नेपालको संविधान २०७२ जारी हुदा कायम गरिएका ७ वटा प्रदेशमध्ये गण्डकी प्रदेशको ११ जिल्लामध्ये साविकको नवलपरासी जिल्लालाई पुर्वतर्फ गण्डकी प्रदेशमा र पश्चिममा लुम्बिनी प्रदेश पर्ने गरि विभाजन गर्दा ८ वटा स्थानीय तहसहित गण्डकी प्रदेशको कान्छो जिल्लाको रुपमा स्थापित रहेको जिल्ला हो । यस जिल्लाको कुल क्षेत्रफल १३३१.१६ वर्ग कि.मी. रहेको छ भने राष्ट्रिय जनगणना २०७८ अनुसार यस जिल्लाको कुल जनसङ्ख्या ३,८१,१०५ जना रहेको छ । यस जिल्लाको कुल जनघनत्व २९७.६४ जना प्रतिवर्ग कि.मी. रहेको छ । यस जिल्लाको मुख्य भाषा नेपाली ,मगर र थारु तथा वार्षिक जनसङ्ख्या वृर्दिदर १.१३ प्रतिशत रहेको छ ।

**तालिका १.१: भौगोलिक क्षेत्रहरुको विवरण**

| क्र. स. | भौगोलिक क्षेत्र | पालिका संख्या | गा.पा तथा न.पा. हरुको नाम |
|---|---|---|---|
| १. | पहाडी क्षेत्र | ३ गा. पा. | बौदीकाली, बुलिंङटार, हुप्सेकोट |
| २. | भित्र मधेश क्षेत्र | ४ न. पा. र १ गा. पा | गैंडाकोट, कावासोती, देवचुली, मध्यविन्दु न. पा. हरु र विनयी त्रिवेणी गाउँपालिका |

## भौगोलिक अवस्थिति सिमाना:

- पूर्व: चितवन
- पश्चिम: नवलपरासी बर्दघाट सुस्ता पश्चिम
- उत्तर: पाल्पा र तनहुँ
- दक्षिण: भारत र चितवन राष्ट्रिय निकुन्ज
- छेत्रफल: १, ३३१.१६ वर्ग कि. मी.

## जलवायु :

उत्तरतर्फको जलवायु महाभारत र चुरे पर्वत श्रृंखलाबाट प्रभावित भएकोले पहाडी क्षेत्रमा हिंउदमा बढी जाडो र गर्मीको समयमा शितल हुन्छ । भित्रि मधेशमा हिंउदमा सामान्य जाडो भएता पनि कहिलेकाही हुने शितलहरले ज्यादै जाडोको महशुस हुन्छ र गर्मीमा गर्मीको महशुस हुन्छ । यस जिल्लाको सरदर अधिकतम् तापक्रम ३७ डिग्री न्यूनतम तापक्रम ५ डग्री सेल्सियस भएको पाईन्छ । जिल्लामा औसत वार्षिक बर्षा २१४५ मी. मी. हुन्छ ।

**क) समशितोष्ण हावापानी :** नवलपुर क्षेत्रको उत्तरमा पर्ने महाभारत प्रदेशमा यस प्रकारको हावापानी पाईन्छ । यहांको औसत अधिकतम तापक्रम ३० डिग्री र न्यूनतम तापक्रम १५ डिग्री सेल्सियस हुन्छ । यस भेगमा प्रायजसो मनसुनी बायुले बर्षा हुने गर्दछ ।

**ख) उष्ण तथा अर्धउष्ण हावापानी:** भित्रि मधेश, चुरेक्षेत्रमा यस प्रकारको हावापानी पाईन्छ । यहां गर्मीयाममा निकै गर्मी र जाडोयाममा बिहान बेलुका जाडो हुने गर्दछ । भित्री मधेश क्षैत्रमा गर्मी याममा अधिकतम तापक्रम ३७ डिग्री र जाडोयाममा न्युनतम तापक्रम ५ डिग्री सेल्सियस सम्म पाईने गरेको छ ।

## स्वास्थ्य कार्यालयको स्थापना :

देशमा गणतान्त्रिक सविधान  लागु भइ  संघियताको कार्यान्यवन गर्ने समयमा वि.स.२०७४ साल पुष २४ गते नेपाल  सरकार मन्त्रिपरिषदको निर्णयअनुसार भए अनुसार जिल्ला जनस्वास्थ्य कार्यालय ,नवलपरासी (वर्दघाट सुस्ता पुर्व) को स्थापना भएको  र पछि २०७५ माघ २७ गते जनस्वास्थ्य कार्यालयलाई स्वास्थ्य कार्यालयमा रुपान्तरण गरी हालसम्म उक्त नामवाटै ११ जना कर्मचारी दरवन्दी रहेको प्रदेश  जनस्वास्थ्य कार्यालयको रुपमा संचालन गरिएको हो । प्रदेश  जनस्वास्थ्य  कार्यालय  जिल्ला सदरमुकाममा रहनु पर्ने कार्यालय भए पनि स्थापना मध्यविन्दु न. पा. वाड न. २ कोल्हुवा मा स्थापना भएको हुँदा हालसम्म पनि उक्त स्थानवाट नै संचालनमा  आइरहेको छ । साथै यस कार्यालयको भ्याक्सिन स्टोर देवचुली नगर असपतालमा रहेको छ ।

## मौजुदा दरबन्दी र पदपुर्तिको अवस्थाको विश्लेषण:

**स्थायी दरबन्दी तर्फ:**

| विवरण | जम्मा संख्या | कैफियत |
|---|---|---|
| जम्मा स्वीकृत स्थायी दरबन्दी | ११ | |
| स्थायी पदपूर्ति | ५ | |
| अस्थाई पदपूर्ति | ४ | |
| जम्मा पदपूर्ति | ९ | |
| रिक्त | २ | |
| हाल कार्यरत | ९ | |

**हाल कार्यरत स्थायी तथा करार ( बैशाख १०, २०८२ मा) कुल जनशक्ति विवरण:**

| क्र.सं. | कार्यरत कुल जनशक्ति विवरण | संख्या | कै. |
|---|---|---|---|
| १. | स्थायी दरबन्दी अन्तर्गत (अस्थाई पदपूर्ति ४ वाहेक ) | ५ | |
| २. | फाजिल (ल्याव. असिस्टेन्ट चौथो) | १ | |
| ३. | छात्रवृत्ति करार अन्तर्गत (जनस्वास्थ्य अधिकृत) | १ | |
| ४. | कार्यक्रम करार अन्तर्गत विधालय नर्स | २ | |
| ५. | सिमा नाकामा कार्यरत करार (हे अ. , ल्याव टेक्निसियन) | २ | |
| ६. | अस्थाई पदपूर्ति करार (का.स., हलुका सवारी चालक, को. चे. असिस्टेन्ट ) | ४ | |
| | जम्मा कार्यरत जनशक्ति संख्या | १५ | |

## भवन तथा भौतिक पुर्वाधार:

जन स्वास्थ्य कार्यालयको आफनै जग्गा र भवन नरहेको हाल प्रयोगमा रहेको भवन र जग्गा नवलपुर स्वास्थ्य चौकीको स्वामित्वमा रहेको ,प्रदेस जनस्वास्थ्य कार्यालय नवलपुरले प्रयोगमा ल्याएका संरचनाहरु तपसिलमा उल्लेख गरीए अनसार रहेका छन ।

- मिटिङ हल सहितको टिनको ट्रस्ट सहितको प्रशासकिय भवन ५ वटा कक्ष भएको ।
- टिनको ट्रस्ट भएको स्टोर कक्ष सहितको ५ कोठे भवन । (गत आ.व.२०८०÷०८१ मा निर्माण भएको)
- टिनको ट्रस्ट भएको कार्यालय प्रमखको आभास गृह ३ कोठे भवन । (गत आ.व.२०८०÷०८१ मा निर्माण भएको)
- टिनको ट्रस्ट भएको १ पाखे ३ कोठे भवन । (गत आ.व.२०८०÷०८१ मा निर्माण भएको)
- देवचली नगर अस्पतालको २ वटा कोठा भ्याक्सिन कोल्ड स्टोरको रुपमा प्रयोग गरिएको ।
- टाटा कम्पनीको १ पिक अप गाडि रहेको ।
- नमुना सदरमुकाम कावासोतिमा प्रदेश जनस्वास्थ्य कार्यालयको लागि जग्गा छुट्ट्याइ भवन वनाउने प्रकृयामा रहेको

## दरबन्दी संरचना :

**कार्यालय प्रमख**
वरिष्ठ/जनस्वास्थ्य अधिकृत
तह: सातौं/आठौं

### प्राविधिक

| समूह : हे.ई. | | |
|---|---|---|
| पद | श्रेणी/तह | सख्या |
| हे.अ.वा सो सरह | ५/६/७ | १ |

| समूह : मेडिकल ल्याव टेक्नोलोजी | | |
|---|---|---|
| पद | श्रेणी/तह | सख्या |
| ल्याव टेक्निसियन | ५/६/७ | १ |

| समूह : कम्युनिटि नर्सिङ | | |
|---|---|---|
| पद | श्रेणी/तह | सख्या |
| प.हे.न. | ५/६/७ | १ |

| समूह : हे.ई. | | |
|---|---|---|
| पद | श्रेणी/तह | सख्या |
| कोल्ड चेन असिष्टेन्ट | ४/५/६ | १ |

### प्रशासनिक

| समूह : तथ्यांङ्क | | |
|---|---|---|
| पद | श्रेणी/तह | सख्या |
| तथ्यांङ्क सहायक | ५/६ | १ |

| समूह : लेखा | | |
|---|---|---|
| पद | श्रेणी/तह | सख्या |
| लेखापाल | ५ | १ |

| समूह : सामान्य प्रशासन | | |
|---|---|---|
| पद | श्रेणी/तह | सख्या |
| सहायक | ५ | १ |

| समूह : मेकानिकल ईन्जिनियरीङ | | |
|---|---|---|
| पद | श्रेणी/तह | सख्या |
| हलुका सवारी चालक | श्रेणी विहिन | १ |

| समूह : सामान्य प्रशासन | | |
|---|---|---|
| पद | श्रेणी/तह | सख्या |
| कार्यालय सहयोगी | श्रेणी विहिन | २ |

# नागरिक वडापत्र

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रादेशिक स्वास्थ्य निर्देशनालय

## प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

### मध्यविन्दु न.पा. ०२, कोल्हुवा

| सि.न | सेवाको विवरण | सेवा प्राप्त गर्न लाग्ने | | प्राप्त गर्दा पेश गर्नु पर्ने कागजातहरु | जिम्मेवार फाँट /कर्मचारी | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | समय | शुल्क | | | | |
| १. | खोप सेसन संचालनको तोकिएका खोप केन्द्रवाट खोप सेवा संचालनका लागि राष्ट्रिय खोप कार्यक्रम अर्न्तगतका | १ घण्टा | नि:शुल्क | सम्वन्धित स्थानिय तहको प्रमाणित माग फारम | खोप फाँट (खरेल प्रसाद चौधरी) | कार्यालय प्रमुख | |
| २. | स्वास्थ्य कार्यक्रम संचालनका लागि आवश्यक कमोडिटिज जस्तै परिवार नियोजन साधन,भिटामिन ए,आईरन चक्की आदि वितरण | १ घण्टा | नि:शुल्क | सम्वन्धित स्थानिय तहको प्रमाणित माग फारम | स्टोर फाँट (शिवशरण पराजुली) | कार्यालय प्रमुख | |
| ३. | अत्यावश्यक औषधी तथा औषधी जन्य सामाग्री र HMIS/LMIS तथा अन्य फारम ,सामग्री वितरण | १ घण्टा | नि:शुल्क | सम्वन्धित स्थानिय तहको प्रमाणित माग फारम | स्टोर फाँट (शिवशरण पराजुली) | कार्यालय प्रमुख | |
| ४. . | क्षयरोग,कुष्ठरोग,हातिपाईले,HIV/AIDS, कार्यक्रमसंग सम्वन्धित औषधी तथा सामाग्री वितरण | १ घण्टा | नि:शुल्क | सम्वन्धित स्थानिय तहको प्रमाणित माग फारम | क्षय कुष्ठ फाँट (डिल्लीराम तिवारी) | कार्यालय प्रमुख | |
| ५. | महामारी /विपतको समयमा आवश्यक पर्ने औषधी,सामाग्री वा अन्य व्यवस्थापन कार्यका साथै रागको सर्भिलेन्स गर्ने । | १ घण्टा ३० मिनेट | नि:शुल्क | स्थानीय तहको अनुरोध पत्र वा आधिकारीक सूचना | महामारी फाँट (डिल्लीराम तिवारी ) | कार्यालय प्रमुख | |
| ६. | कार्यालयमा हुने गतिविधिहरुबारे सूचना उपलव्ध गराउने | १–२ घण्टा | नि:शुल्क | सचूना माग गर्ने व्यक्ति वा निकायको आधिकारीक अनुरोध वा निवेदन | सूचना फाँट (छविलाल सुबेदी) | कार्यालय प्रमुख | |
| ७. | निजि क्लिनिक (डेन्टल,आँखा उपचार केन्द्र,पोलिक्लिनिक आदि) स्वीकृति,नविकरण तथा नियमन गर्ने | १५ दिन | स्वास्थ्य संस्था संचालन तथा स्तोरान्नती सम्वन्धी निर्देशिका २०७०( संशोधन सहित)मा भएका प्रावधान अनुसारका कागजात सहितको निवेदन शुल्क | संस्था स्वीकृतिका लागि पेश गर्न पर्ने सम्वन्धी मापदण्डमा उल्लेख भएका कागजातहरु | समन्वय फाँट (छविलाल सुबेदी) | कार्यालय प्रमुख | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८. | प्रदेशका २५ देखि २०० शैयाका अस्पताल ,रेडियो ईमेजिङ्ग सेन्टर लगायतका निजि स्तरका स्वास्थ्य संस्थाको प्रश्तावको विस्तृत अध्ययन ,,अनगमन गरी स्वास्थ्य निर्देशनालय र स्वास्थ्य मन्त्रालयमा पेश गर्ने | १५ दिन | स्वास्थ्य संस्था संचालन तथा स्तोरान्नती सम्वन्धी निर्देशिका २०७०( संशोधन सहित)मा भएका प्रावधान अनुसारका कागजात सहितको निवेदन शुल्क | स्वास्थ्य संस्था संचालन तथा स्तोरान्नती सम्वन्धी निर्देशिका २०७०( संशोधन सहित)मा भएका प्रावधान अनुसारका कागजात सहितको निवेदन | प्रशासन, समन्वय फाँट( खरेल प्रसाद चौधरी, छविलाल सुबेदी) | कार्यालय प्रमुख | |
| ९. | परिवार योजना तथा सुरक्षित मातृत्व सम्वन्धी जामनकारी | तुरुन्तै | नि:शुल्क | मौखिक तथा लिखित अनुरोध | परिवार नियोजन फाँट (भुमिका निरौला सागर पराजुली) | कार्यालय प्रमुख | |
| १० . | बालस्वास्थ्य तथा पोषण सम्वन्धी जानकारी | तुरुन्तै | नि:शुल्क | मौखिक तथा लिखित अनुरोध | पोषण फाँट (छविलाल सुवेदी) | कार्यालय प्रमुख | |
| ११ . | प्रयोगशाला सम्वन्धी जानकारी एवं खानेपानी परिक्षण तथा वातावरणिय परिक्षण | १ दिन | नि:शुल्क | मौखिक तथा लिखित अनुरोध | प्रयोगशाला फाँट (डिल्लीराम तिवारी) | कार्यालय प्रमुख | |
| १२ . | स्वास्थ्य प्रवर्धन कार्यक्रम | १ घण्टा | नि:शुल्क | मौखिक तथा लिखित अनुरोध | स्वास्थ्य प्रवर्धनफाँट (छविलाल सुवेदी) | कार्यालय प्रमुख | |
| १३. | विधालय नर्स विनयी त्रिवेणी गा.पा.र देवचली न.पा का १, १ विधालय र अर्न्तराष्ट्रिय नाका त्रिवेणीमा हेल्थ डेक्स संचालन | तुरुन्तै | नि:शुल्क | मौखिक तथा लिखित अनुरोध | (भुमिका निरौला र डिल्लीराम तिवारी) | कार्यालय प्रमुख | |
| १४ . | जनस्वास्थ्य सेवा सम्वन्धी संघ,प्रदेश र स्थानीय तहमा समन्वय कार्यसँग सम्वन्धित कार्य | १ घण्टा | नि:शुल्क | मौखिक तथा लिखित अनुरोध | प्रशासन ,समन्वय फाँट( खरेल प्रसाद चौधरी, छविलाल सवेदी) | कार्यालय प्रमुख | |
| १५ | जनस्वास्थ्य बुलेटिन तथा वेभ साइड अप डेटको कार्य | | | मासिक रुपमा तथा आवस्केटानुसार | सागर पराजुली | कार्यालय प्रमुख र सुचाना अधिकारी | |

नोट :

- कार्यालय समय बिहान १०.०० देखि – ५.०० बजेसम्म (कार्तिक १५ देखि माघ १५ सम्म १०.००–४.०० सम्म मात्र) शुक्रवार १०.०० – ३.००वजे सम्म ।
- यस चार्टमा उल्लेख नभएको अन्य सबै सेवा प्रवाह एवं कार्य सम्पादन स्वास्थ्य कार्यालय र अन्तर्गतका विभिन्न फाँटबाट नियमित रुपमा संचालनमा रहेको हुँदा सोही अनुसार थप जानकारीका लागि स्वास्थ्य कार्यालयको प्रसासन शाखा वा कार्यालयको वेवसाईट हेर्नु हुन अनुरोध छ ।
- थप जानकारीको लागि, सूचना अधिकारी लाई सम्पर्क गर्नुहोला नाम: छविलाल सुवेदी, मोवाई न.९७६६६२४१०५

## विपत व्यस्थापन तयारी:

- विपत व्यवस्थापनको लागि स्थानीय तह, अस्पताल तथा सरोकारवालासग समन्वय गर्न फोकल पर्सन तोकी विपत कार्य योजना बनाई कार्य गरेको।
- विपतको समयमा आफुले गर्नुपर्ने जिम्मेवारी पुर्ण रुपमा निर्वाह गरेको।

## जिल्लाको लक्षित जनसख्याको विवरण :

यस आ.व.०८१/०८२  को लक्षित जनसख्याको विवरण तपसिलमा उल्लेख भए अनसार रहेको छ।

| लक्षित जनसंख्याको विवरण | |
|---|---|
| कुल जनसंख्या | ३९६६९६ |
| Under 1 Year population (१ बर्ष मुनिका बालबालिकाहरुको जनसंख्या) | ६७४१ |
| Under 2 Years population (२ बर्ष मुनिका बालबालिकाहरुको जनसंख्या) | १३२६७ |
| 6-23 months population (६-२३ महिनाका बालबालिकाहरुको जनसंख्या) | ९७९१ |
| 6-59 months population (६-५९ महिनाका बालबालिकाहरुको जनसंख्या) | २८१३४ |
| Under 5 years population (५ बर्ष मुनिका बालबालिकाहरुको जनसंख्या) | ३१८९१ |
| MWRA (15-49 yrs) (विवाहित प्रजनन् उमेरमा महिलाहरुको जनसंख्या) | ८९८७४ |
| WRA (15-49 yrs) (प्रजनन् उमेरमा महिलाहरुको जनसंख्या) | ११७६५१ |
| Expected pregnancy (अपेक्षित गर्भावस्था) | ८४१८ |
| Expected live birth (अपेक्षित जीवित जन्म) | ७०९९ |
| Adolescent population (किशोरकिशोरी जनसंख्या) | ७६६२४ |

## सम्पादित कार्यक्रमहरुको विवरण :

माघ महिनादेखि चैत्र मसान्तसम्म सम्पादित कार्यक्रमहरुको विवरण तपसिलमा उल्लेख गरिएको छ;

क). **माघ महिनामा सम्पादित कार्यक्रमहरु**

- १० औ राष्टिय योग दिवस विशेष कार्यक्रम
- औलों रोग प्रभावित क्षेत्रहरू साथै महामारी सम्भावित स्थानहरूमा अभिमुखीकरण
- एच.पि.भी. (HPV) खोप अभियान- जिल्ला स्तरीय अभिमुखीकरण तथा योजना गोष्ठी कार्यक्रम
- स्वास्थ्य कार्यक्रमहरूको अर्धवार्षिक समिक्षा तथा योजना तर्जुमा,
- ७२औँ विश्व कुष्ठरोग दिवस विशेष कार्यक्रम
- विद्यालयमा एच.पि.भि खोप सम्बन्धी अभिमुखिकरण
- निःशुल्क क्षयरोग परिक्षण सम्बन्धि घुम्ती शिविर, बुलिङटार गाउँपालिका

ख). **फागुण महिनामा सम्पादित कार्यक्रमहरु**

- एच.पी.भी खोप अभियान २०८१
- नसर्ने रोग स्क्रीनिंग शिविर संचालन सम्बन्धी- पालिकास्तरीय बैठक
- स्वास्थ्य मन्त्रालयका सचिवसंग जनस्वास्थ्य कार्यालयका प्रमुखहरू
- एक्स-रे (X-ray) द्वारा छातीरोग सम्बन्धी नि:शुल्क खोजपडताल कार्यक्रम
- स्थायी बन्ध्याकरण तथा लामो अवधीको परिवार योजना सेवा घुम्ती शिविर
- गर्भावस्था दर्ता र ट्र्याकिङ कार्यक्रम (PRTP) समीक्षा र रिफ्रेसर कार्यक्रम
- नसर्ने रोग स्क्रीनिंग शिविर- ५ स्थानमा सम्पन्न

ग). **चैत्र महिनामा सम्पादित कार्यक्रमहरु**

- SDR (LPEP) सम्बन्धी स्वास्थाकर्मीहरुका लागि २ दिने अभिमुखीकरण कार्यक्रम
- Quantification & Forecasting सम्बन्धी २ दिने कार्यशाला गोष्ठी
- विश्व क्षयरोग दिवस विशेष अन्तरक्रिया कार्यक्रम- २०८१
- विद्यालय नर्सदद्वारा परीक्षा केन्द्रमा हेल्थ डेस्क संचालन
- परिवार योजना कार्यक्रम सूक्ष्म योजना गोष्ठी २०८१
- नि:शुल्क एक्स-रे (X-ray) द्वारा छातीरोग सम्बन्धी खोजपडताल शिविर कार्यक्रम
- पोषण सम्बन्धी पैरवी वहस तथा अन्तरक्रिया सम्पन्न

## आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण:

□ चैत्र महिना सम्मको राजश्व शंकलन **रु. २,००,०००.००**

□ २०८१ चैत्र महिना सम्मको खर्चको प्रगति विवरण;

| बजेट उप शीर्षक | खुद बजेट | खर्च | प्रगति | | कैफियत |
|---|---|---|---|---|---|
| | | | वितिय | भौतिक | बाँकी बजेट |
| **प्रदेश समानीकरण चालु** | २,३७,६ ५,००० | ९९९०२२४.६० | ४२ | ३५६५ | १३७७४७७५.४० |
| **प्रदेश पुंजीगत** | २५,००,००० | ० | ० | ०५ | २५,००,००० |
| **संघ ससर्त अनुदान तर्फ** | २,५३,४५,००० | ५१,३८,६९३ | २० | ४२ | १९८०६३०७ |
| **जम्मा** | **५,१६,१०,०००** | **१५१ २८९१७ .६** | **२९.३** | **५३** | **३६४८१०८२.४** |

□ **प्रदेश जनस्वास्थ्य कार्यालयको खर्च:**

प्रदेश जनस्वास्थ्य कार्यालयले चैत्र महिनासम्म विभिन्न कार्यक्रम संचालन गर्दा भएको खर्च कर्मचारीको तलव र कार्यालय संचालन खर्च वाहेकको विवरण;

| क्र.स. | कार्यक्रमको विवरण | प्राप्त वजेट | चैत्र मसान्त सम्मको खर्च | बाँकी वजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ . | स्वास्थ्य कार्यालय मार्फत MNH कार्यक्रम | १२००००० | ६,९४,८५० | ४,२५,१५० | |
| २ . | परिवार नियोजन र किशोर किशोरी स्वास्थ्य सेवा | ७,२८००० | २,९०,१८२ | ४,३७,८१८ | |
| ३ . | प्रसुती पश्यातको रक्तश्रावको अवस्थामा प्रयोग गरिने anti-shock गार्मेन्ट खरिद | ४,००,००० | ३,९४,१४४ | ५८५६ | |
| ४ . | खोप तथा सरसफाई प्रबर्धन कार्यक्रमको अनसाइट कोचिंग खोप सेसनको स्थलगत अनुगमन | ४०० ००० | ९९०५५ | ३००९५० | |
| ५. | नियमित खोप कार्यक्रम तथा सरसफाई प्रबर्धनको लागि तथा सूक्ष्म योजना | ११,२०,००० | ६,९४,८५० | ४,२५,१५० | |
| ६. | खोपबाट वचाउन सकिने रोगहरुको सर्भिलेंस,नमूना संकलन र ढुवानी खर्च | ४,००,००० | १५,२५० | ३,८४,७ ५० | |
| ७. | एच.पी.भि.खोप अभीयान तथा नियमित खोपमा सुरुवातको लागि कार्यक्रम संचालन | १५,७८,००० | २,६०,००० | १३,१८००० | |
| ८. | एच.पी.भि.खोप अवियान तथा नियमित खोपमा सुरुवातको लागि कार्यक्रम संचालन | २४,८०००० | ११,७३,८०० | १२,३४,२०० | |
| ९. | स्वास्थ्य कार्यालयमा जिल्ला कोल्ड रुम व्यवस्थापन | ८,२०,००० | ४,८५,६८० | ३,५३,६८० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ . | जिल्लावाट पालिका एवम डी.आर.उपचार केन्द्र ,उपकेन्द्र सम्म औषधि ल्याब सामग्री ढुवानी | २४०००० | १६६०० | २२३४०० | |
| १२. | स्वास्थ्य कार्यालय मार्फत स्थानीय तहहरुको डाटा भेरिफिकेसन तथा भ्यालीडेसन एवम गुणस्तर सुधार | ५००००० ३ | ३९९६६२ | १००३३८ | |
| १३. | तथांक गुणस्तर सुधारका लागि स्वास्थ्य कार्यालयवाट स्तानीय तह एव स्वास्थ्य संस्थाहरुमा कोचिंग | ४,००,००० | १००९५० | २९९०५० | |
| १४. | तोकिएका स्थानीय तहहरुमा खानेपानी ,सर्फाई,स्वच्छता र स्वास्थ्य जन्य फोहर व्यवस्थापन | २,००,००० | ८१,५५० | ११८४५० | |
| १५. | स्वास्थ्यकर्मीहरुको क्षमता अभिबृदीका लागि CPHE | ८०,००० | १२,२०० | ६७,८०० | |
| १६. | स्वास्थ्य प्रबर्धन कार्यक्रम | ३,००,००० | ४३,९५० | २,५६,०५० | |
| १७. | निजि स्वास्थ्य संस्था (आधुनिक तथा आयुवेद चिकित्सा ) संचालन अनुमति,अनुगमन ,सुपेरिबेक्षण समन्यात्मक बैठक तथा स्थलगत अनु शिक्षण कार्यको लागि | ५०००० | ४७२०० | २८०० | |
| १८. | यस अघि तालिम नलिएका स्वास्थ्य कर्मीहरुलाई HMIS/DHIS-2/E-LMIS तालिम | २,५०,००० | २,०९,७८० | ४०,२२० | |
| १९. | जिल्ला तहमा नियमित खोप कार्यक्रम तथा सरसफाई पर्बर्धनको समिक्षा तथा सूक्ष्म योजना | ११,२०,००० | ६,९३४५० | ४२६५५० | |
| २०. | नियमित खोप सेवा र आकस्मिकअबस्थामा प्रदेश तथा जिल्लावाट भाक्सिन तथा खोप सामाग्री ढुवानी | २०५६००० | १९७८४५ | १८,५८,१५५ | |
| २१. | पोषण कार्यक्रम | १७१६००० | २,३२,३५० | १४,८३,६५० | |
| २२. | औलो रोगको केश वेश सर्विलेन्स फोकाई अनुसन्धान तथा स्थानीय तथा आयातित औलो समयमानै सर्भिलेंस | २,००,००० | ८९८०० | ११०२०० | |
| २३. | डेंगु सार्ने लाम्खुतेको वास्यान खोज गरि लार्भा नस्ट गर्ने तथा स्थानीय तहहरुसंगको पैरवी वहस कार्यक्रम | २,००,००० | १,००,००० | १,००,००० | |
| २४. | औषधि ,उपकरण ,परिवार नियोजनका साधन ,पोषण सामाग्री,एच.आई.एम टुलहरु ढुवानी | २,३०,००० | १,३६,००० | ९४००० | |
| २५. | उपचारात्मक सेवा सम्बन्धि स्वास्थ्य कार्यालयवाट संचालन हुने कार्यक्रम | १५,००,००० | १,३८५०० | १३,६१,७५० | |
| २६. | सर्पदंस उपचार केन्द्रमा कार्यरत कर्मचारीहरुलाई तालिम/पुनार्ताजगी  तालिम र उपचार | २,००,००० | १७४,४६४ | २५५३६ | |
| २७. | एकिकृत स्वास्थ्य व्यबस्थापन सूचना प्रणाली डिजिटलाइजेसन | ९,००,००० | ३३६५० | ८६६३५० | |
| २८. | एम्बुलेंस सेवा समितिको बैठक तथा सरोकारवाला बिच समिक्षा तथा अभिमुकरण | ५०,००० | १६२०० | ३३,८०० | |
| २९. | सरुवा रोग (कोभिड-१९,क्षयरोग,HIV,डेंगु,मलेरिया) तथा नर्सेने रोगको खोज पडताल | ८,००,००० | ३०७००२ | ४९२९९८ | |

## कार्यालय समक्ष सूचना माग र सो उपर दिएको सूचना तथा जवाफ विषयः

- ३ महिनाको अविधमा निजि क्लिनिक अनुगमन सम्बन्धि लिखित गुनासो २ आएको,
- लिखित गुनासोलाई समाधान गरिएको।

## कार्यालय प्रमुख र सूचना अधिकारीको नाम, पद र सम्पर्क नम्बर :

**कार्यालय प्रमुखः**

श्री शैलेन्द्र कमार सिंह, जनस्वास्थ्य अधिकृत- सातौं

सम्पर्क नम्बर ९८५७०४७९७६

**सूचना अधिकारी**

श्री छविलाल सुवेदी, जनस्वास्थ्य अधिकृत- सातौं

सम्पर्क नम्बर ९७६६६२४१०५

honawalpur@gmail.com